दुप्चेश्वर गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ६ संख्या ४ मंसिर १४, २०७९ साल

## भाग-२

## दुप्चेश्वर गाउँपालिकाको
## गाउँ कार्यपालिकाको कार्यालय

## नुवाकोट

बागमती प्रदेश, नेपाल

# श्रेणी विहिन जनशक्ति छनौट सम्बन्धि मापदण्ड २०७९

# दुप्चेश्वर गाउँपालिका
## श्रेणी विहिन जनशक्ति छनौट सम्बन्धि मापदण्ड
## २०७९

**प्रस्तावना**

दुप्चेश्वर गाउँपालिका वा अन्तर्गतका वडा कार्यालय र अन्तरगत निकायहरुमा दैनिक कार्य सञ्चालनका लागि अति आवश्यक श्रेणीविहिन कर्मचारी सवारी चालक, कार्यालय सहयोगी वा बिल्डिङ इलेक्ट्रीसियन पदमा करार सेवामा कर्मचारी भर्ना गरि कार्य सञ्चालन गर्ने प्रयोजनका लागि दुप्चेश्वर गाउँपालिका गाउँ कार्यपालिकाले यो मापदण्ड स्वीकृत गरि लागु गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (क) यस मापदण्डको नाम "श्रेणीविहिन जनशक्ति छनौट सम्बन्धि मापदण्ड २०७९" रहेको छ ।

(ख) यो मापदण्ड तुरुन्त लागु हुनेछ ।

**२. परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "सवारी चालक" भन्नाले हलुका सवारी चालक, भारी सवारी चालक, एम्बुलेन्स चालक, ब्याक हो लोडर चालक र एक्साभेटर चालकलाई बुझाउने छ ।

(ख) "कार्यालय सहयोगी" भन्नाले गाउँपालिका र गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरु अन्य विषयगत कार्यालयहरु, शाखा, इकाई, स्वास्थ्य चौकी तथा ग्रामीण अस्पतालमा रहने कार्यालय सहयोगीको काम गर्ने व्यक्तिलाई बुझाउने छ ।

(ग) "विल्डिङ इलेक्ट्रिसियन" भन्नाले गाउँपालिका र गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरु अन्य विषयगत शाखाहरु, शाखा, इकाई, स्वास्थ्य चौकी तथा ग्रामीण अस्पताल भवनहरुमा विद्युत सप्लाई सम्बन्धि काम गर्ने व्यक्तिलाई बुझाउनेछ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत र निजको अनुस्पस्थितिमा निमित्त प्रमुख प्रशासकीय अधिकृत भई काम गर्ने कर्मचारीलाई समेत बुझाउने छ ।

(ङ) "पदपूर्ति समिति" भन्नाले दफा ७ बमोजिमको पदपुर्ति समितिलाई बुझाउनेछ ।

(च) "गाउँपालिका" भन्नाले दुप्चेश्वर गाउँपालिकालाई बुझाउनेछ ।

(छ) "वडा कार्यालय" भन्नाले दुप्चेश्वर गाउँपालिका वा गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुलाई बुझाउनेछ ।

(ज) "अन्तर्गत निकाय" भन्नाले स्वास्थ्य, शिक्षा, कृषि, पशुसेवा जस्ता यस गाउँपालिका अन्तर्गतका निकायलाई जनाउनेछ ।

(झ) "जनशक्ति" भन्नाले सवारी चालक, कार्यालय सहयोगी, विल्डिङ इलेक्ट्रिसियन पदलाई बुझाउनेछ ।

## परिच्छेद २
## श्रेणीविहिन कर्मचारी पदपूर्ति

**३. करारमा पदपूर्तिः** गाउँपालिका वडा कार्यालय र अन्तर्गत निकायमा रहने रिक्त सवारीचालक कार्यालय सहयोगी र विल्डिङ इलेक्ट्रिसियनका पदहरुमा आवश्यकता अनुसार प्रतिस्पर्धात्मक प्रतियोगिताद्धारा कर्मचारी छनौट गरि पदपूर्ति गरिने छ ।

**४. न्युनतम योग्यताः** करार सेवामा लिइने जनशक्तिका लागि आवश्यक न्यूनतम योग्यता देहाय बमोजिम हुनेछ ।

(१) सवारी चालक पदका लागि

(क) नेपाली नागरिकताको प्रमाणपत्र ।

(ख) साधारण लेखपढ गर्न जानेको ।

(ग) कार्यानुभव भएको ।

(घ) सम्बन्धित पदका लागि आवश्यक सवारी चालक अनुमति पत्र भएको ।

(ङ) २१ बर्ष पूरा भै ४५ बर्ष ननाघेको ।

(२) कार्यालय सहयोगी पदका लागि

(क) नेपाली नागरिकताको प्रमाणपत्र ।

(ख) साधारण लेखपढ गर्ने जानेको ।

(ग) कार्यानुभव भएको ।

(घ) १८ बर्ष पूरा भै ४५ बर्ष ननाघेको ।

(३) विल्डिङ इलेक्ट्रिसियन पदका लागि

क) नेपाली नागरिकताको प्रमाणपत्र ।

(ख) कक्षा १० उतीर्ण ।

(ग) कार्यानुभव भएको ।

(घ) १८ बर्ष पूरा भै ४५ बर्ष ननाघेको ।

(ङ) सिटिइभिटि वा मान्यताप्राप्त संस्थाबाट विल्डिङ इलेक्ट्रीसियनमा लेभल १ तह उत्तिर्ण गरेको प्रमाणपत्र ।

## परिच्छेद ३
## छनौट प्रक्रिया

**५. दरखास्त आव्हानः** (१)गाउँपालिकाकाले बढीमा १५ दिनको समय सिमा तोकी पदपुर्ति समितिले निर्धारण गरेको ढाँचामा दरखास्त आव्हान गर्नेछ ।

(२) दरखास्त आव्हानको सूचना गाउँपालिकाको वेभसाइट र सूचना पाटीमा प्रकाशन गरिने छ ।

(३) दरखास्त फाराम सवारी चालक र  विल्डिङ इलेक्ट्रिसियनको हकमा ५००। र कार्यालय सहयोगीको हकमा रु ३००। गाउँपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गरेको भौचर दरखास्तसँगै पेश गर्नु पर्नेछ ।

**६. प्रतियोगितात्मक जाँचको अंक विभाजनः** जनशक्ति छनौटको गर्दा देहाय अनुसारको अङ्क प्रदान गरिनेछ ।

(१) सवारी चालक/विल्डिङ इलेक्ट्रिसियन पदको लागि

(क) स्थानीय बासिन्दा बाबत- १० अङ्क

(ख) सीप परिक्षण - १० अङ्क

(ग) अनुभव - १० अङ्क

(घ) अन्तर्वार्ता -२० अङ्क

(२) कार्यालय सहयोगी पदको लागि

(क) स्थानीय वासिन्दा बाबत - १० अङ्क

(ख) शैक्षिक योग्यता बाबत - १० अङ्क

(ग) अनुभव बापत -१० अङ्क

(घ) अन्तरवार्ता - २० अङ्क

(३) स्थानीय बासिन्दा बाबतको १० अङ्क मध्ये  दुप्चेश्वर गाउँपालिकाको बासिन्दालाई १० अङ्क, नुवाकोट जिल्ला वासीलाई ८ अङ्क र अन्यलाई ३ अङ्क विभाजन गरिनेछ ।

(४) शैक्षिक योग्यता बाबतको १० अङ्क मध्ये कक्षा १२ वा सो भन्दा बढी शैक्षिक योग्यतालाई १० अङ्क, एसएलसी वा एसईई शैक्षिक योग्यतालाई ८ अङ्क र साधारण लेखपढलाई ५ अङ्क विभाजन गरिनेछ ।

(५) १० बर्ष वा सो भन्दा बढी अनुभवलाई १० अङ्क, ५ बर्ष वा सो भन्दा बढि १० बर्ष भन्दा कमको अनुभवलाई ८ अङ्क र १ बर्ष देखि ५ बर्ष भन्दा कम अनुभव भएका उम्मेदवारलाई ५

अङ्क विभाजन गरिनेछ । अनुभव भएका तर विगतको कार्यसम्पादन सन्तोषजनक नभएका उम्मेदवारलाई कैफियत जनाई अनुभव नभएका उम्मेदवार सरह अङ्क दिन सकिनेछ ।

## परिच्छेद ४

## पदपुर्ति समिति

७. (१) श्रेणीविहिन जनशक्ति छनौट गर्न देहाय बमोजिमको पदपूर्ति समिति रहनेछ ।

(क) प्रमुख प्रशासकिय अधिकृत- संयोजक

(ख) अध्यक्षले तोकेको अधिकृत स्तरको कर्मचारी - सदस्य

(ग) प्रशासन शाखा- सदस्य

(२) पदपुर्ति समितिले आवश्यकता अनुसार सवारी चालक, विल्डिङ ईलक्ट्रिसियन र कार्यालय सहयोगी पदको विज्ञापन गरि पदपुर्ति गरिनेछ ।

(३) पदपुर्ति समितिले यस मापदण्ड बमोजिम पदपुर्ति गर्न योग्यता क्रम निर्धारण गरि अन्तिम योग्यता क्रमको सूची प्रकाशन गर्नेछ ।

(४) पदपुर्ति समितिले अन्तिम योग्यता क्रमको सूचिमा परेका उमेद्वारहरुसँग करार सम्झौता गर्न नगरपालिकालाई सिफारिस गर्नेछ ।

(५) अन्तिम योग्यता क्रम तयार गर्दा बराबर अङ्क आएमा उमेद्वारहरुको उमेरको ज्येष्ठताका आधारमा क्रम निर्धारण गरिनेछ ।

(६) उपदफा (५) बमोजिम वरावर अङ्क पाउने उम्मेद्वारहरु महिला  पुरुष परेमा महिला उम्मेदवारको पहिलो प्राथमिकता निर्धारण गरिनेछ ।

(७) श्रेणी विहिन कर्मचारी छनौट गर्दा आवश्यकता अनुसार बैकल्पिक सूचि समेत प्रकाशित गर्नेछ ।

## परिच्छेद ५

## विविध

८. (१) यस मापदण्ड बमोजिम पदपुर्ती गर्दा कानुनी रुपमा बाधा अड्काउ पर्न आएमा सो बाधा अड्काउ फुकाउन गाउँपालिका अध्यक्ष समक्ष प्रस्तुत गरि निकासा गराउन सकिनेछ ।

(२) दुप्चेश्वर गाउँपालिकामा कार्यरत व्यक्तिको हकमा उमेरको हद लागु हुनेछैन ।

(३) अन्तरवार्ता समितिको काम पदपुर्ति समितले गर्नेछ ।

आज्ञाले

सञ्जय बहादुर स्याङतान

प्रमुख प्रशासकीय अधिकृत